## सुस्ता गाउँपालिका

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

## २०७८




तयार गर्ने :

आर. जि. विज्ञापन सेवा

काठमाडौं, नेपाल

# विषय सूची


१. अध्ययन एवम् पुनरावलोकन ........ १

१.१ सुस्ना गाउँपालिकाको परिचय ........ १

१.२ अध्ययनको पृष्ठभूमि ........ २

१.३ अध्ययनको औचित्य ........ ३

१.४ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि कार्य शर्तहरु ........ ५

१.५ अध्ययन र पुनरावलोकन तथा मसौदा तयारी पद्धति ........ ५

१.६ अध्ययनका सीमाहरु ........ ६

२. संगठन पुनरावलोकन ........ ७

२.१ सङ्गठन र दरबन्दी सम्बन्धी सबल पक्ष ........ ७

२.२ सङ्गठन ढाँचा र दरबन्दी सम्बन्धी कमजोर पक्ष ........ ७

२.३ सङ्गठन सुधारका मार्गदर्शन ........ ८

२.४ सङ्गठन र दरवन्दि सम्बन्धमा भएका विगतको अध्ययनको सुझाव ........ ९

३. विश्लेपण तथा दरवन्दी प्रस्ताव ........ ९

३.१ सङ्गठन संरचना र दरवन्दी ........ ९

३.१.१ संविधान र कानूनले प्रत्याभूत गरेको कार्य क्षेत्र ........ ९

३.१.२ गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालय बीच प्रशासनिक तथा आर्थिक सम्वन्ध ........ १०

३.१.३ कार्यपालिकाको कार्यालयको शाखाको कार्य विवरण ........ ११

३.१.४ संघ र प्रदेशसँग सम्वन्ध र अन्तर्राष्ट्रिय सम्वन्ध ........ ११

३.१.५ मूलभूत कार्यहरू र सहायक कार्यहरू ........ १२

३.२ कार्य जिम्मेवारीको वर्गीकरण ........ १२

३.३ कार्यबोझ विश्लेपणको अवस्था र गाउँपालिकाको कार्य जिम्मेवारी ........ १३

३.४ सङ्गठन संरचना र दरवन्दी प्रक्षेपणका आधार ........ १४

३.४.१ गाउँपालिकाले सम्पादन गर्नुपर्ने कार्य ........ १४

३.४.२ वर्तमान दरवन्दीको अवस्था र कार्य सम्पादन ........ १४

३.४.३ जनसङ्ख्या र कर्मचारीको अनुपात ........ १५

३.५ सङ्गठन संरचना प्रस्ताव ........ १५



R.G. BIGYAPAN SEWA
Gokarneshw...

# अध्ययनकर्ताको तर्फबाट

नेपालको संविधान वि.सं.२०७२ असोज ३ गते जारी भए पश्चात संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले वि.सं. २०७३ फागुन २७ बाट साविकका ३३०० भन्दा माथी रहेका गाउँ विकास समितिहरू र २१७ नगरपालिकाहरूलाई समायोजन गरी ४६० गाउँपालिकाहरू र २९३ नगरपालिकाहरू सहित ७५३ स्थानीय तह गठन गरी कार्यान्वयनमा रहेको छ। वि.सं. २०७४ मा भएको स्थानीय तहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिहरूबाट कार्यभार सम्हाल्दा गाउँपालिका तथा नगरपालिकाहरूको संगठनात्मक ढाँचा निकै कमजोर अवस्थामा रहेको थियो।


साथै निर्वाचित जनप्रतिनिधिको लागि पनि तोकिएका कार्य जिम्मेवारीहरू निर्वाध रूपमा सम्पादन गर्न कस्ता किसिमका प्रशासकीय संगठन निर्माण गर्ने भन्ने विषय स्पष्ट थिएन । स्थानीय तह मार्फत जनतालाई पुर्‍याउनु पर्ने सेवा तथा सुविधाहरू निर्वाधरूपमा उपलब्ध गराउनका लागि आवश्यक संगठन निर्माण, जनशक्ति पहिचान र व्यवस्थापन कार्य जनप्रतिनिधिको लागि पनि चुनौतिपूर्ण नै रहेको थियो । स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिमका कार्यजिम्मेवारीहरू सम्पादन गर्न स्थानीय तहको प्रशासकीय प्रणालीको पुनःसंरचनाको आवश्यकता सोही समय देखि महसुस भएको हो ।

नेपाल सरकारले कर्मचारी समायोजनको कार्य सम्पन्न गर्न उपलब्ध गराएको अस्थायी संगठनात्मक ढाँचा र दरवन्दी गाउँ तथा नगरपालिकाको आवश्यकता सम्वोधन गर्न पर्याप्त नभएको । कर्मचारी समायोजनको काम एक हदसम्म सम्पन्न भई सकेको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ वमोजिम प्रत्येक स्थानीय तहले आफ्नो संगठनको विशिष्टता तथा आवश्यकताको आधारमा विद्यमान सङ्गठन संरचना र जनशक्तिको पुनरावलोकन गरी नयाँ जिम्मेवारी निर्वाह गर्न सक्षम प्रशासकीय संगठन निर्माण गर्नु पर्ने कानूनी प्रावधानलाई कार्यान्वयन गर्न गाउँपालिकाले प्राथमिकता दिएको हुदा नै सुस्ता गाउँपालिकाको वर्तमान संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरिएको छ।

सुस्ता गाउँपालिकाको प्रस्तुत सङ्गठन सर्वेक्षण अध्ययन सम्वन्धी कामलाई यथार्थपरख तथा व्यवहारिक वनाउन अध्ययन समूहलाई कार्य सम्पादनमा गाउँपालिका *अध्यक्ष राम प्रसाद पाण्डेय ज्यू* बाट प्राप्त नीतिगत मार्गदर्शनका लागि कृतज्ञता ज्ञापन गर्दछौं । अध्ययनका क्रममा संस्थागत रूपमा संगठनको ढाँचा र जनशक्ति व्यवस्थापनका विषयमा आफ्नो लामो प्रशासकीय अनुभव संगाल्नु भएका *प्रमुख प्रशासकीय अधिकृत बुद्ध प्रकाश पौडेल ज्यू* बाट प्राप्त सुझाव तथा पृष्ठपोषणका लागि अध्ययन समूह आभार व्यक्त गर्दछ । यसै क्रममा गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरुबाट प्राप्त सहयोगका लागि पनि धन्यवाद ज्ञापन गर्दछौ ।

R.G. BIGYAPAN SEWA
Gokarneshwor-5, Kathmandu

## सुस्ता गाउँपालिकाको नक्शा




R.G. DIGYAPAN SEWA
Gokarneshwor-5, Kathmandu

# विषय सूची


१. अध्ययन एवम् पुनरावलोकन ........ १

१.१ सुस्ता गाउँपालिकाको परिचय ........ १

१.२ अध्ययनको पृष्ठभूमि ........ २

१.३ अध्ययनको औचित्य ........ ३

१.४ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धि कार्य शर्तहरु ........ ५

१.५ अध्ययन र पुनरावलोकन तथा मसौदा तयारी पद्धति ........ ५

१.६ अध्ययनका सीमाहरु ........ ६

२. संगठन पुनरावलोकन ........ ७

२.१ सङ्गठन र दरबन्दी सम्बन्धी सबल पक्ष ........ ७

२.२ सङ्गठन ढाँचा र दरबन्दी सम्बन्धी कमजोर पक्ष ........ ७

२.३ सङ्गठन सुधारका मार्गदर्शन ........ ८

२.४ सङ्गठन र दरबन्दि सम्बन्धमा भएका विगतको अध्ययनको सुझाव ........ ९

३. विश्लेषण तथा दरबन्दी प्रस्ताव ........ ९

३.१ सङ्गठन संरचना र दरबन्दी ........ ९

३.१.१ संविधान र कानूनले प्रत्याभूत गरेको कार्य क्षेत्र ........ ९

३.१.२ गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालय बीच प्रशासनिक तथा आर्थिक सम्बन्ध ........ १०

३.१.३ कार्यपालिकाको कार्यालयको शाखाको कार्य विवरण ........ ११

३.१.४ संघ र प्रदेशसँग सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध ........ ११

३.१.५ मूलभूत कार्यहरू र सहायक कार्यहरू ........ १२

३.२ कार्य जिम्मेवारीको वर्गीकरण ........ १२

३.३ कार्यबोझ विश्लेषणको अवस्था र गाउँपालिकाको कार्य जिम्मेवारी ........ १३

३.४ सङ्गठन संरचना र दरवन्दी प्रक्षेपणका आधार ........ १४

३.४.१ गाउँपालिकाले सम्पादन गर्नुपर्ने कार्य ........ १४

३.४.२ बर्तमान दरबन्दीको अबस्था र कार्य सम्पादन ........ १४

३.४.३ जनसङ्ख्या र कर्मचारीको अनुपात ........ १५

३.५ सङ्गठन संरचना प्रस्ताव ........ १५


R.C. BIGYAPAN CEWA
Gokarneshwor-5, Kathmandu

३.६ कार्य विवरण .................................................... १५

३.७ आर्थिक व्ययभार .................................................... १६

४. मूख्य सुझावहरु .................................................... १६

अनुसूची-१ .................................................... १८

अनुसूची २ .................................................... २२

अनुसूची-३ .................................................... २४

अनुसूची-४ .................................................... २५

अनुसूची ५ .................................................... २६

अनुसूची - ६ .................................................... २७

अनुसूची - ७ .................................................... ३६

अनुसूची ८ .................................................... ४१

अनुसूची ९ .................................................... ४३

अनुसूची –१० .................................................... ४४


R.G. BIGYAPAN SEWA
Gokarneshwor-5, Kathmandu

# १. अध्ययन एवम् पुनरावलोकन

## १.१ सुस्ता गाउँपालिकाको परिचय

सुस्ता गाउँपालिकाको नामाकरण यसै गाउँपालिकाको वडा नं. ५ मा नारायणी नदीको दक्षिणपूर्वी भागमा अवस्थित राष्ट्रिय अन्तरराष्ट्रिय महत्व बोकेको सुस्ताको नामबाट गरिएको हो । यद्यपि यस गाउँपालिकाको अधिकांश भूभाग नारायणी नदी पश्चिममा पर्दछ । नारायणी नदीले समय समयमा गर्ने बहाव परिवर्तनले पनि सीमा समस्या बल्फाइरहेको छ । स्थानीयका अनुसार नारायणी पारीको यो क्षेत्रमा वि. सं. २०२० देखि नै फाट्टफुट्ट रुपमा बस्ती बस्न थालेको हो । नारायणी नदीको तटीय क्षेत्र भएकोले मलिलो प्राङगारिक तत्व मिसिएको बलौटे पाँगो माटो थुप्रिएकाकारण प्रशस्त मात्रमा उब्जाउ हुने गरेको छ । यस क्षेत्रमा जुनसुकै बाली लगाए पनि प्रशस्त उत्पादन हुने हुनाले बिक्रिवितरण गर्दा पनि सस्तो हुने गर्थ्यो । सस्तोलाई भोजपुरी भाषामा ‘सस्ता’ भनिन्छ । सस्तोमा कृषि उपज उत्पादन हुने भएकोले ‘सस्ता’ शब्द अपभ्रंश भई सुस्ता बनेको जनविश्वास रहेको छ । बारम्बार सीमा विवाद बल्फिरहने तथा भारततर्फका चोर, डाँकु र अपराधीहरूले विवादित क्षेत्रलाई आश्रय स्थलको रुपमा प्रयोग गर्ने गरेकाकारण पञ्चायती सरकारद्वारा जनताको जिउधनको सुरक्षाका लागि नेपाली भूतपूर्व सैनिकहरूलाई हातहतियार समेत उपलब्ध गराई वि.सं.२०२३ सालमा सुनौलो बस्ती बसालिएको थियो । तर वि.सं. २०३२ सालमा आएको नारायणी नदीको भीषण बाढीले पुरै सुस्ता जलमग्न भयो । जग्गाजमिन कटान हुनुकासाथै मानव तथा पशुपंछी समेत बगाउँदा ठूलो धनजनको क्षति भयो । दुई दिनसम्म जलमग्न भएको उक्तस्थलबाट घरको धुरी र रुखको सहायतामा बाँच्न सफल सुस्ताबासीलाई त्रिवेणी व्यारेकका तत्कालीन शाही नेपाली सेनाको टोली र भारतको चितौनीघाटवाट डुङ्गाको सहायताबाट आपतकालीन उद्धार गरी नदीवारी रहेको ठाडीघाट (अनुमाघाट) क्षेत्रमा अस्थायी वसोवासको प्रवन्ध मिलाइयो । करिब १ वर्षसम्म नेपाल रेडक्रस सोसाइटी र UNDP को सहायतामा लत्ताकपडा र भाँडावर्तन वितरण गरी सोही स्थानमा नै राखिएकोमा वि.सं. २०३३ सालमा नेपाल पूर्ण आबास कम्पनीको सहायतामा बेसाहाराहरूलाई परिवार संख्या हेरी जग्गाजमिन वितरण गरी त्रिवेणीमा पुर्नस्थापना गरियो । बाढीको खतरा कम भएपछि मानिसहरू सुस्तामै गई बसोबास गर्न थाले । भूपू सैनिकहरूको बसोबास भएकाकारण सुस्तामा गुरुङ र मगर जातिको उल्लेख्य बसोबास रहेको छ । यद्यपि ब्राह्मयण, क्षेत्री, नेवार, पहाडी तथा मधेसी दलित (मुसहर) तथा मुस्लिमहरूको पनि बसोबास रहेको छ । नदीले धार परिवर्तन गरिरहँदा लामो समयदेखि सुस्ता क्षेत्र नेपालभारतको सीमा विवादको क्षेत्रको रुपमा रहेको छ । भारतले सीमाक्षेत्रमा सुस्ताबासीलाई बारम्बार दुख दिइरहेको छ भने नेपाल सरकारबाट भरपर्दो पहल नहुँदा पीडित मारमा परेका छन् । स्थानीय निकाय गठनको शिलशिलामा अन्तराष्ट्रिय स्तरमा ख्याती कमाएको सुस्ता नामाकरणमा सहमति जुटेकोले सम्पूर्ण गाँपालिकाको नाम सुस्ता गाउँपालिका रहन गएको हो । हाल अनोमाघाटभन्दा करिव ५०० मिटर दक्षिण र सुस्ता जोड्नेकरिव १,५७१ मिटर लामो र १.६ मिटर चौडा झोलुङ्गे पुल निर्माणाधीन रहेको सन्दर्भमा पुल निर्माणमा भइरहेको ढिलाइले सहज आवतजावतका लागि अझै परम्परागत डुङ्गाको सहायता लिनु पर्ने वाध्यता छ भने सौर्य उर्जा मार्फत तीव्र रुपमा विद्युतीकरण पनि भइरहेको छ । सशस्त्रको सीमा सुरक्षा



R.G. BIGYAPAN SEWA
Gokarneshwar-5, Kathmandu

पोष्ट तथा नेपाल प्रहरी चौकीले बासिन्दाले सुरक्षाको प्रत्याभूत भएको छ भने स्थानीय स्तरमा स्थापित 'सुस्ता बचाऊ' अभियानलाई पनि केही हदसम्म टेवा पुगेको छ ।

सुस्ता गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत नवलपरासी ( पश्चिम) जिल्लाका १५ स्थानीय तहहरूमध्ये एक पर्दछ । सुस्ता गाउँपालिका भौगोलिक हिसाबले ८३.८१२° देखि ८३°४८'४३.३०" देखी ८३°५४'१८.९५" सम्म पूर्वी देशान्तर र २७°२०'४९.२०" देखि २७°३१'३.७४" सम्म उत्तरी अक्षांशसम्म फैलिएर प्राकृतिक मनोरम संरचना सहित होचो भू-भागदेखि चुरे पहाडी श्रृंखलामा अवस्थित छ । यो गाउँपालिका समुद्री सतहबाट ८८ मिटर देखि ८१५ मिटरको उचाइमा रहेको छ । ९६.५१ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस सुस्ता गाउँपालिकाको पूर्वमा विनयी त्रिवेणी गाउँपालिका र भारतको विहार राज्य, पश्चिममा प्रतापपुर गाउँपालिका र बर्दघाट नगरपालिका, उत्तरमा विनयी त्रिवेणी गाउँपालिका तथा दक्षिणमा भारतसँग सिमाना जोडिएको छ । गाउँपालिकाको अधिकांश भूभाग समथर रहेको छ । जल, जंगल, जमिन, जनावर र जडिबुटीको कमि नभएको यस गाउँपालिका सप्तगण्डकी अर्थात नारायणी नदी तथा यसमा मिसिन आउने चुरेबाट बग्ने ससाना खोलाहरूले गाउँपालिकालाई जल सतह कायम गर्न अग्रणी भूमिका खेलेका छन् ।

## १.२ अध्ययनको पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीहरू रहेका छन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची –८ मा उल्लेख भएका अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उल्लेख गरेको छ । सुस्ता गाउँ कार्यपालिकाबाट जारी भएको सुस्ता गाउँपालिका (कार्यसम्पादन) नियमावली, २०७४ अनुसार गाउँपालिकाको कार्यसम्पादन वडा समिति र विषयगत शाखा तथा ईकाइहरू (शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास) लगायतका शाखा तथा ईकाइबाट फछ्र्यौट हुने कानूनी व्यवस्था अवलम्वन गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा स्थानीय तहले अवलम्वन गर्नु पर्ने विधि तथा आधारका विषयमा उपदफा १ देखि ७ सम्म विभिन्न प्रावधानहरू राखिएको छ । गाउँपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सङ्गठन सम्बन्धी पुनर्संरचना गरिंदा कायम सङ्गठन संरचना, सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझ र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गरी सङ्गठन ढाँचा, पदनाम, कार्यविवरण, जिम्मेवारी र संख्या सहितको दरवन्दी सम्वन्धि स्थानीय तहको सभाबाट स्वीकृति गरी लागु गरिनु पर्दछ ।



R.G. [illegible]APAN SEWA Gokarneshwor-5, Kathmandu

कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम नेपालका संपूर्ण स्थानीय तहहरूको लागि आवश्यक न्यूनतम जनशक्ति नेपाल सरकारबाट व्यवस्थापन गरिएको छ । सोही अनुसार सुस्ता गाउँपालिकामा समेत कर्मचारीहरुको खटनपटन नेपाल सरकारबाट नै भएको छ । तथापि गाउँपालिकामा समायोजन रोज्ने कर्मचारीको कमि भने स्पष्ट महसूस गरिएको छ । कानूनले तोके अनुसार नयाँ संगठन संरचना निर्माण र कर्मचारी व्यवस्थापन नभए सम्मका लागि १ लाखसम्म जनसंख्या रहेको गाउँपालिका तथा गाउँपालिकाको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अस्थायी रूपमा उपलव्ध गराईएको सङ्गठन संरचना र सो बमोजिमको दरबन्दीलाई नै हालको दरबन्दीको रूपमा कायम गरिएको छ ।

स्थानीय सरकारको भूमीकामा गाउँपालिकाले प्रभावकारी भूमीका सहित सुलभ तवरले सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउन विद्यमान भौगोलिक अबस्था, न्यून जनशक्ति, नयाँ सङ्गठन निर्माण र कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार प्रमुख चुनौतिका रुपमा देखा परेका छन । कर्मचारी समायोजन प्रयोजनको लागि मन्त्रालयबाट उपलव्ध अस्थायी सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम निकै जटील देखिएको छ ।

गाउँपालिकाबाट विगत बर्षहरूमा सङ्गठनको पुनःर्संरचना सम्बन्धमा केही गृहकार्यहरु सहित प्रयाश गरिएको भएपनि सो टुङ्गोमा पुगेको अबस्था देखिएन । नयाँ सङ्गठन संरचनाका सम्बन्धमा देखिएका अस्पष्टताहरु समेतको विश्लेषण पश्चात मात्र पालिकाको सङ्गठन संरचना र जनशक्तिको खाका तयार गरिनु उपयुक्त हुने पृष्ठभूमिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार प्रस्तुत सङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन प्रयोजनलाई मध्यनजर गर्दै सवै ७५३ स्थानीय तहलाई जनसंख्याको आधारमा वर्गीकरण र समूहकृत गरी उपलव्ध गराईएको पछिल्लो सङ्गठन ढाँचा र कायम दरबन्दीलाई नै यस गाउँपालिकाले पनि आफ्नो सङ्गठन ढाँचा र दरबन्दीको आधार लिई सोही बमोजिम न्युनतम दरबन्दी कायम गरी कार्य संचालन गर्दै आएको छ । नेपाल सरकारवाट नै कायम गरिएको दरबन्दी र कर्मचारी समायोजनको अवस्था हेर्दा गाउँपालिकाको कार्य जिम्मेवारी र कार्य वोझको लागि जनशक्तिको आवश्यकता र उपलव्ध जनशक्तिको संख्याको अवलोकन र विश्लेषण गर्दा गाउँपालिकाको सङ्गठन समयसापेक्ष र व्यवहारिक रहको देखिदैन । संविधान वमोजिमका कार्यजिम्मेवारी र विभिन्न कानूनहरूबाट गाउँपालिकाले सम्पादन गर्नु पर्ने गरी तोकिएका काम कर्तव्य र अधिकारमा आधारित समग्र कार्यसम्पादनका दृष्टिले पनि नियन्त्रण तथा सन्तुलन नमिलेको वोझिलो र असन्तुलित सङ्गठनको रूपमा रहेको पाईन्छ । विद्यमान दरबन्दीको संख्यालाई



R.G. BIGYAPAN SEWA * Gokarneshwor-5, Kathmandu *

# अनुसूची-१

## गाउँपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरू

| |
|---|
| अत्यावश्यक |
| अग्नीशमन यन्त्र संचालन तथा व्यवस्थापन |
| एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन |
| शव व्यवस्थापन (बेवारिश समेत), शव दाहगृह, शवदाहस्थल, चिहान र शव वाहन संचालन तथा व्यवस्थापन |
| महामारी, सरूवा रोग नियन्त्रणमा सहयोग र समन्वय |
| फोहरमैला व्यवस्थापन ) संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन लगायत जनचेतना अभिवृद्धि |
| नगर प्रहरी<br>• नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन (संघीय तथा प्रदेश कानून)<br>• नगर ट्राफिक व्यवस्थापन ( पार्किङ , अनुमति , संकेत चिन्ह , समन्वय र साझेदारी )<br>• नागरिक सुरक्षा ( व्यक्तिगत सुरक्षाकर्मी ) |
| नगर यातायात सेवा संचालन |
| सार्वजनिक शौचालय निर्माण संचालन |
| पशुवधशाला निर्माण तथा संचालन |
| खाद्य गुणस्तर ) खाद्यान्न र खाद्य पदार्थको गुणस्तर नापतौल , मासु जाँच लगायत( |
| उपभोक्ता हित संरक्षण ( उपभोक्ताको हित सम्वन्धी सबै पक्षहरू ) |
| व्यक्तिगत घटना दर्ता जन्म), मत्यु, विवाह सम्वन्ध विच्छेद ,वसाई सराई,आदि( |
| विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्धार सहयोग (DRR Plan श्रोत साधनको व्यवस्था, समन्वय, पूर्व सूचना प्रणाली स्थापना( |
| प्रकोप तथा महामारी नियन्त्रणमा सहयोग र समन्वय (कृषि तथा पशुपंछीजन्य समेत) |
| आवश्यक |
| स्थानीय खानेपानी सेवा व्यवस्थापन कार्यान्वयन र नियमन |
| ढल व्यवस् (सतह ढल समेत)थापन |
| स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन |
| स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्वन्धी कार्यक्रम तर्जुमा ,कार्यान्वयन र नियमन |
| स्थानीय तटवन्ध, नदी तथा पहिरो नियन्त्रण रोकथाम तथा नदी व्यवस्थापन र नियमन |
| शिक्षा |

R.G.B GYAPAN SEWA Gokarneshwor-5, Kathmandu

- विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार
- छात्रवृत्तिको व्यवस्थापन
- स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन

स्वास्थ्य र सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाई सेवा संचालन
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन
- स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास
- सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण
- ध्वनी, वायु प्रदुषण नियन्त्रण

स्थानीय सामाजिक सुरक्षा

- जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- वालगृह, सेवा आश्रम, वृद्ध आश्रम संचालन

सार्वजनिक खाली जग्गा सम्भार र उपयोग तथा व्यवस्थापन

पञ्जीकरण व्यवस्थापन

स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन

**विकास तथा प्रवर्द्धन सेवा**

कृषि

- कृषि तथा पशुपन्छी बजार तथा हाटबजार पूर्वाधार निर्माण
- सूचना,तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा

औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्वन्धी

स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी नियमन

एफरेडियो सञ्चालन अनुमति .एम ., नवीकरण र नियमन

शहर सौन्दर्यीकरण

- सार्वजनिकस्थल, पार्क, उद्यान, जैविक विविधता व्यवस्थापन
- सडक किनार वृक्षारोपण व्यवस्थापन र हरियाली प्रवर्द्धन
- साइनबोर्ड, होर्डिङ्बोर्ड व्यवस्थापन
- सँस्कृति प्रदुषण नियन्त्रण

प्राणी उद्यान स्थापना र सञ्चालन (चिडियाखाना)

क्रीडा मनोरंजनस्थल संचालन

सामुदायिक, धार्मिक वन व्यवस्थापन



R.G. BIGYAPAN SEWA Gokarneshwor-5, Kathmandu

# अनुसूची २

## सुस्ता गाउँपालिका, कार्यपालिकाको कार्यालय, सङ्गठन संरचना

- गाउँ सभा ..... लेखा समिति तथा अन्य समितिहरू
- गाउँ कार्यपालिका ..... आर्थिक विकास समित, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, वन वातावरण तथा विपद व्यवस्थापन समिति र सार्वजनिक सेवा प्रवाह तथा सुशसान समिति
- अध्यक्ष — उपाअध्यक्ष — न्यायिक समिति
- प्रमुख प्रशासकीय अधिकृत
  ८ तह प्रशासन/सामान्य प्रशासन

### प्रशासन तथा योजना शाखा
शाखा अधिकृत ६/७ तह (प्रशासन सामान्य प्रशासन) -१
कम्प्युटर अपरेटर पाचौं तह (विविध) - १
**प्रशासन उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१
कार्यालय सहयोगी -५
नगर प्रहरी -५
हलुका सवारी चालक -३
**योजना तथा अनुगमन उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१
**सूचना प्रविधि उपशाखा**
सूचना प्रविधि अधिकृत छैठौं तह-१
**सार्वजनिक सम्पत्ति व्यवस्थापन उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१
**राजस्व उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह(प्रशासन सामान्य प्रशासन)-१
**कानून उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह(कानून)-१

↔ वडा कार्यालय-५

### पूर्वाधार विकास शाखा
इन्जिनियर ६/७ तह (सिभिल)- १
**पूर्वाधार विकास उपशाखा**
सवइन्जिनियर ५ तह (सिभिल)- ४
अ स ई ४ तह(सिभिल) - १
**भवन निर्माण उपशाखा**
सवइन्जिनियर ५ तह (सिभिल)- १
अमिन ४ तह (इन्जिनियरिङ /सर्भे)- १
**वातावरण तथा विपद् व्यवस्थापन उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१

### सामाजिक विकास शाखा
शाखा अधिकृत ६/७ तह - (शिक्षा / शि.प्र.)-१
**शिक्षा तथा खेलकुद उपशाखा**
प्राविधिक सहायक ५ तह(शिक्षा)-१
**पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१
**महिला बालवालिका तथा ज्येष्ठ नागरिक उपशाखा**
सहायक महिला विकास निरीक्षक ४ औ तह-१

### स्वास्थ्य सेवा शाखा
जनस्वास्थ्य अधिकृत ६/७ तह (स्वा.हे.ई.)- १
हेल्थ असिष्टेन्ट ५ तह (स्वा.हे.ई.)- १

स्वास्थ्य चौकी - ६

आयुर्वेद सेवा केन्द्र १
बैद्य सहायक स्तर ४ तह
स्वास्थ्य आयुर्वेद

### आर्थिक विकास शाखा
शाखा अधिकृत ६ तह (प्रशासन सामान्य प्रशासन) -१
**कृषि विकास उपशाखा**
कृषि विकास अधिकृत ६/७ तह -१
प्राविधिक सहायक ४औ तह -१
**पशु विकास उपशाखा**
पशु विकास अधिकृत ६/७ तह -१
प्राविधिक सहायक ४औ तह -१
**सहकारी विकास उपशाखा**
नायव सुव्वा सहायक स्तर पाचौं तह-१

### आर्थिक प्रशासन शाखा
लेखा अधिकृत ६/७ तह -१
लेखापाल ५ तह -१

आन्तरिक लेखापरीक्षण एकाई
आलेप सहायक पाचौं लेखा -१

★ R.G. BIGYAPAN SEWA ★ Gokarneshwar-5, Kathmandu


## गाउँ कार्यपालिकाको कार्यालयको नयाँ संगठनात्मक ढाँचामा आधारित प्रस्तावित दरवन्दी विवरण

| सिन | पद नाम | तह | सेवा | समुह | उप समुह | हालको दरवन्दी | प्रस्तावित थपघट | प्रस्तावित जम्मा दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | ८ औ | प्रशासन | सामान्य प्रशासन | | १ | ० | १ |
| २ | इन्जिनियर | ६/७ औ | इन्जिनियरिङ्ग | सिभिल | | १ | ० | १ |
| ३ | अधिकृत | ६/७ औ | शिक्षा | शिक्षा प्रशासन | | १ | ० | १ |
| ४ | अधिकृत | ६/७ औ | प्रशासन | लेखा | | १ | ० | १ |
| ५ | अधिकृत | ६/७ औ | प्रशासन | सामान्य प्रशासन | | २ | ० | २ |
| ६ | अधिकृत | ६ औ | प्रशासन | सुचना प्रविधि | | | १ | १ |
| ७ | कृषि विकास अधिकृत | ६/७ औ | कृषि | कृषि प्रसार | | १ | ० | १ |
| ८ | सहायक | चौथो | कृषि | कृषि प्रसार | | १ | १ | २ |
| ९ | पशु विकास अधिकृत | ६ औ | कृषि | लापडेडे | | १ | ० | १ |
| १० | सहायक | चौथो | कृषि | लापडेडे | | १ | १ | २ |
| ११ | आन्तरिक लेखापरिक्षक | ५ औ | प्रशासन | लेखा | | १ | ० | १ |
| १२ | सहायक | ५ आ | प्रशासन | सामान्य प्रशासन | | ५ | ० | ५ |
| १३ | सहायक कम्प्युटर अपरेटर | ४/५ औ | विविध | | | १ | ० | १ |
| १४ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | | १ | ० | १ |
| १५ | प्राविधिक सहायक | ५ औ | शिक्षा | शिक्षा प्रशासन | | १ | ० | १ |
| १६ | अधिकृत | ६/७ औ | स्वास्थ्य | हे इ | | १ | ० | १ |
| १७ | हेल्थ असिस्टेन्ट/नसिङ्ग | ५ औ | स्वास्थ्य | हेल्थ ई | | १ | ० | १ |
| १८ | सव इन्जिनियर | ५ औ | इन्जिनियरिङ्ग | सिभिल | | २ | ३ | ५ |
| १९ | अ स ई | ४ औ | इन्जिनियरिङ्ग | सिभिल | | १ | ० | १ |
| २० | वैद्य | ४ औ | स्वास्थ्य | आयुर्वेद | | | १ | १ |
| २१ | सहायक महिला विकास निरिक्षक | ४/५ औ | विविध | | | १ | ० | १ |
| २२ | सहायक | ५ औ | | कानुन | | | १ | १ |
| २३ | अमिन | ४ औ | इन्जिनियरिङ्ग | सर्भे | | | १ | १ |
| २४ | नगर प्रहरी | श्रेणी विहिन | | | | ७ | २ | ५ |
| २५ | हलुका सवारी चालक | श्रेणी विहिन | | | | २ | १ | ३ |
| २६ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ४ | १ | ५ |
| जम्मा | | | | | | ३८ | १३ | ४७ |

R.G. BIGYAPAN SEWA Gokarneshwor-5, Kathmandu

# अनुसूची-३

## सुस्ता गाउँपालिका अन्तर्गत वडा कार्यालयको सङ्गठन संरचना





**वडा कार्यालयको दरबन्दी विवरण**

| सिन्न | पद नाम | तह | सेवा | समुह | उप समुह | हालको दरबन्दी | प्रस्तावित थपघट | प्रस्तावित जम्मा दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ४/५ औं | प्रशासन | सामान्य प्रशासन | | ५ | ० | ५ |
| २ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ५ | ० | ५ |
| जम्मा | | | | | | १० | | १० |

R.G. BIGYAPAN SEWA
Gokarneshwor-5, Kathmandu

# अनुसूची-४

**सुस्ता गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ र बर्थिङ्ग सेन्टर को सङ्गठन संरचना**




**स्वास्थ्य चौकी तर्फ चार वटा**

| सि. न | पद नाम | तह | सेवा | समुह | उप समुह | हालको दरबन्दी | प्रस्तावित थपघट | प्रस्तावित जम्मा दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | हे अ. /सि. अ.हे.व. /सि. अ.मी | ५/६ औ | स्वास्थ्य | हे. ई | | ४ | ० | ४ |
| २ | हे अ. /सि. अ.हे.व. | ५ औ | स्वास्थ्य | हे. ई | | ८ | ० | ८ |
| ३ | अ. हे. व. | ४ औ | स्वास्थ्य | हे. ई | | ४ | ० | ४ |
| ४ | अ. न. मी | ४ औ | स्वास्थ्य | हे. ई | | ४ | ० | ४ |
| ५ | ल्याव असिसटेन्ट | ४ औ | स्वास्थ्य | हे. ई | | ४ | ० | ४ |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ४ | ० | ४ |
| **जम्मा** | | | | | | २४ | | २४ |
| **सामुदायिक स्वास्थ्य इकाइ तर्फ २ वटा** | | | | | | | | |
| १ | अ. हे. व. | ४ औ | स्वास्थ्य | हे. ई | | २ | ० | २ |
| २ | अनमी/स्टाफ नर्स | ४ औ | स्वास्थ्य | क .न | | २ | ० | २ |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | २ | ० | २ |
| **जम्मा** | | | | | | ६ | | ६ |
| **वर्थिङ्ग सेन्टर तर्फ २ वटा** | | | | | | | | |
| १ | अनमी | चौथो | स्वास्थ्य | क .न | | ० | २ | २ |
| २ | स्वीपर | श्रेणीविहिन | स्वास्थ्य | | | ० | २ | २ |
| | **जम्मा** | | | | | | ४ | ४ |
| | **कुल जम्मा** | | | | | ३० | ४ | ३४ |

R.G. BIGYAPAN SEWA
Gokarneshwor-5, Kathmandu

# अनुसूची ५

## सुस्ता गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका ईकाइ सहितको दरवन्दी र व्ययभारको विवरण

| सि.न | पद नाम | तह | सेवा | समुह | उप समुह | हालको दरवन्दी | प्रस्तावित थप३६ | प्रस्तावित जम्मा दरवन्दी | शुरु तलव स्केल | वार्षिक दर | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सामान्य प्रशासन | | १ | ० | १ | ४०३८० | १४.२ | ५७३३९६ |
| २ | ईन्जिनियर | ६/७ औ | ईन्जिनियरिङ्ग | सिभिल | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| ३ | अधिकृत | ६/७ औ | शिक्षा | शिक्षा प्रशासन | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| ४ | अधिकृत | ६/७ औ | प्रशासन | लेखा | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| ५ | अधिकृत | ६/७ औ | प्रशासन | सामान्य प्रशासन | | २ | ० | २ | ३५९९० | १४.२ | १०२२११६ |
| ६ | अधिकृत | ६ औ | प्रशासन | सूचना प्रविधि | | ० | १ | १ | ३५९९० | १४.२ | ५११०५८ |
| ७ | कृषि विकास अधिकृत | ६/७ औ | कृषि | कृषि प्रसार | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| ८ | सहायक | चौथो | कृषि | कृषि प्रसार | | १ | १ | २ | २६६१० | १४.२ | ७५५७२४ |
| ९ | पशु विकास अधिकृत | ६ औ | कृषि | लापडेडे | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| १० | सहायक | चौथो | कृषि | लापडेडे | | १ | १ | २ | २६६१० | १४.२ | ७५५७२४ |
| ११ | आन्तरिक लेखापरिक्षक | ५ औ | प्रशासन | लेखा | | १ | ० | १ | २८२०० | १४.२ | ४००४४० |
| १२ | सहायक | ५ औ | प्रशासन | सामान्य प्रशासन | | ५ | २ | ७ | २८२०० | १४.२ | २८०३०८० |
| १३ | कम्प्युटर अपरेटर | ५ औ | विविध | | | १ | ० | १ | २६६१० | १४.२ | ३७७८६२ |
| १४ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | | १ | ० | १ | २८२०० | १४.२ | ४००४४० |
| १५ | प्राविधिक सहायक | ५ औ | शिक्षा | शिक्षा प्रशासन | | १ | ० | १ | २८२०० | १४.२ | ४००४४० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | अधिकृत | ६/७ औ | स्वास्थ्य | हे.इ | | १ | ० | १ | ३५९९० | १४.२ | ५११०५८ |
| १७ | हेल्थ असिस्टेन्ट/नर्सिङ्ग | ५ औ | स्वास्थ्य | हेल्थ ई | | १ | ० | १ | २८२०० | १४.२ | ४००४४० |
| १८ | सव ईन्जिनियर | ५ औ | ईन्जिनियरिङ्ग | सिभिल | | २ | ३ | ५ | २८२०० | १४.२ | २००२२०० |
| १९ | अ स ई | ४ औ | ईन्जिनियरिङ्ग | सिभिल | | १ | ० | १ | २६६१० | १४.२ | ३७७८६२ |
| २० | बैद्य | ४ औ | स्वास्थ्य | आयुर्वेद | | ० | १ | १ | २६६१० | १४.२ | ३७७८६२ |
| २१ | सहायक महिला विकास निरिक्षक | ४/५ औ | विविध | | | १ | ० | १ | २६६१० | १४.२ | ३७७८६२ |
| २२ | सहायक | पाचौ | | कानून | | ० | १ | १ | २८२०० | १४.२ | ४००४४० |
| २३ | अमिन | चौथो | ईन्जिनियरिङ्ग | सर्भे | | ० | १ | १ | २६६१० | १४.२ | ३७७८६२ |
| २४ | नगर प्रहरी | श्रेणी विहिन | | | | ७ | २ | ५ | २२०१० | १४.२ | १५६२७१० |
| २५ | हलुका सवारी चालक | श्रेणी विहिन | | | | २ | १ | ३ | २२०१० | १४.२ | ९३७६२६ |
| २६ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ४ | १ | ५ | १९४८० | १४.२ | १३८३०८० |
| जम्मा | | | | | | ३८ | १५ | ४९ | | | १९२६४५७२ |
| **वडा कार्यालय तर्फ** | | | | | | | | | | | |
| १ | सहायक | ५ औ | प्रशासन | सामान्य प्रशासन | | ५ | ० | ५ | २६६१० | १४.२ | १८८९३१० |
| २ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ५ | ० | ५ | १९४८० | १४.२ | १३८३०८० |
| जम्मा | | | | | | १० | | १० | | | ३२७२३९० |
| **स्वास्थ्य चौकी तर्फ चार वटा** | | | | | | | | | | | |
| १ | सि अहेव | ६ तह | स्वास्थ्य | हे ई | | ४ | ० | ४ | २८२०० | १४.२ | १६०१७६० |
| २ | अनमि/ स्टफ नर्स | 4/5 औ | स्वास्थ्य | क.न | | ८ | ० | ८ | २८२०० | १४.२ | ३२०३५२० |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ४ | ० | ४ | २६६१० | १४.२ | १५११४४८ |
| १ | सि अहेव | ६ तह | स्वास्थ्य | हे ई | | ४ | ० | ४ | २६६१० | १४.२ | १५११४४८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | अनमि/ स्टफ नर्स | 4/5 औ | स्वास्थ्य | क.न | | ४ | ० | ४ | २६६१० | १४.२ | १५११४४८ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ४ | ० | ४ | १९४८० | १४.२ | ११०६४६४ |
| जम्मा | | | | | | २४ | ० | २४ | | | १०४४६०८८ |
| **सामुदायिक स्वास्थ्य इकाइ २ वटा** | | | | | | | | | | | |
| १ | सहायक (हे.अ./सि.सहेव) | ५ औ | स्वास्थ्य | हे.इ | | २ | ० | २ | २६६१० | १४.२ | ७५५७२४ |
| २ | अ.हे.व. | ४ औ | स्वास्थ्य | हे.इ | | २ | ० | २ | २६६१० | १४.२ | ७५५७२४ |
| ३ | अ.न.मि. | ४ औ | स्वास्थ्य | क.न | | २ | ० | २ | १९४८० | १४.२ | १५११४४८ |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | ६ | | ६ | | | |
| **बर्थिङ्ग सेन्टर तर्फ २ वटा** | | | | | | | | | | | |
| १ | अनमी | चौथो | स्वास्थ्य | क .न | | ० | २ | २ | २६,६१० | १४.२ | ७५५,७२४.० |
| २ | स्वीपर | श्रेणीविहिन | स्वास्थ्य | | | ० | २ | २ | १९,४८० | १४.२ | ५५३,२३२.० |
| | | | | | | | ४ | ४ | | | १,३०८,९५६.० |
| | जम्मा | | | | | ७८ | १७ | ९१ | | | ३५,८०३,४५४.० |
| कुल जम्मा | | | | | | | | | | | |

**अक्षरुपि जम्मा रकम तीन करोड अन्ठाउँन्न लाख तीन हजार चार सय चौवन्न रुपैंया**

## गाउ कार्यपालिकाका पदाधिकारीहरूको नाम र सम्पर्क न.

| सि.न. | नामथर | पद | वडा न. | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | टेक नारायण उपाध्याय | अध्यक्ष | | ९८५७०८०१६० |
| २ | गिता चौधरी | उपाध्यक्ष | | ९८४७०६४२७६ |
| ३ | अशोक कुमार चौधरी | वडा अध्यक्ष | १ | ९८४७१५२५१९ |
| ४ | कृष्ण लाल मुखिया | वडा अध्यक्ष | २ | ९८५७०८२३०२ |
| ५ | हरिलाल दुसाध | वडा अध्यक्ष | ३ | ९८४७२९७९१३ |
| ६ | निल वहादुर गुरूङ्ग | वडा अध्यक्ष | ४ | ९८४७१६४१३१ |
| ७ | प्रभुनाथ अहिर | वडा अध्यक्ष | ५ | ९८५७०४६०७४ |
| ८ | रामजी शर्मा वढई | कार्यपालिका सदस्य | ३ | ९८६७१७८४७२ |
| ९ | रामप्यारे चमार | कार्यपालिका सदस्य | २ | ९८१४४४५४५७ |
| १० | सिता देवी थारू | कार्यपालिका सदस्य | १ | ९८११४४९३१९ |
| ११ | सर्मिला दर्जी | कार्यपालिका सदस्य | ३ | ९७६२८९४१७० |
| १२ | मुना पुन | कार्यपालिका सदस्य | ४ | ९८६९९४५६५३ |
| १३ | प्रभावती चमार | कार्यपालिका सदस्य | ५ | ९८६७५५३७७७ |

## गाउँसभाका पदाधिकारीहरूको विवरण

| सि.न. | पद | नामथर | वडा न. | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | टेक नारायण उपाध्याय | | ९८५७०८०१६० |
| २ | उपाध्यक्ष | गिता चौधरी | | ९८४७०६४२७६ |
| ३ | वडा अध्यक्ष | अशोक कुमार चौधरी | १ | ९८४७१५२५१९ |
| ४ | वडा अध्यक्ष | कृष्ण लाल मुखिया | २ | ९८५७०८२३०२ |
| ५ | वडा अध्यक्ष | हरिलाल दुसाध | ३ | ९८४७२९७९१३ |
| ६ | वडा अध्यक्ष | निल बहादुर गुरूङ्ग | ४ | ९८४७१६४१३१ |
| ७ | वडा अध्यक्ष | प्रभुनाथ अहिर | ५ | ९८५७०४६०७४ |
| ८ | वडा सदस्य | ज्ञान प्रसाद न्यौपाने | १ | ९८६८३२९०४० |
| ९ | वडा सदस्य | गणेश प्रसाद उपाध्याय | १ | ९८६४४२१४७५ |
| १० | वडा सदस्य | सिता देवी थारू | १ | ९८११४४९३१९ |

| | | | | |
|---|---|---|---|---|
| ११ | वडा सदस्य | उर्मिला देवी चमार | १ | ९८२४४३०३६० |
| १२ | वडा सदस्य | अग्निधर न्यौपाने | २ | ९८१७४४५१७३ |
| १३ | वडा सदस्य | कुसुम देवी चमार | २ | ९८०४४२२४७४ |
| १४ | वडा सदस्य | बाल किसुन सिंह | २ | ९८२१५९४०५३ |
| १५ | वडा सदस्य | कुन्ती कुमारी चौधरी | २ | ९८४७३४२०४५ |
| १६ | वडा सदस्य | अमर बहादुर क्षेत्री | ३ | ९८४७४७२१८३ |
| १७ | वडा सदस्य | सलाबुद्धिन अन्सारी | ३ | ९८१९४६४२५२ |
| १८ | वडा सदस्य | श्रृजना देवी चौधरी | ३ | ९८१९४३००२३ |
| १९ | वडा सदस्य | सर्मिला दर्जी | ३ | ९७६२८९४१७० |
| २० | वडा सदस्य | भान कुमार भर | ४ | ९८६७२२१६१९ |
| २१ | वडा सदस्य | दिनदयाल कोइरी | ४ | ९८६७३९९८३७ |
| २२ | वडा सदस्य | कुन्ती चमार | ४ | ९७४४३०१७०९ |
| २३ | वडा सदस्य | मुना पुन | ४ | ९८६९९४५६५३ |
| २४ | वडा सदस्य | आदम हुसेन | ५ | ९८६७३८१७९४ |
| २५ | वडा सदस्य | प्रभावती चमार | ५ | ९८६७५५३७७७ |
| २६ | वडा सदस्य | सरिता देवी लोनिया | ५ | |
| २७ | का.पा. सदस्य | रामजी शर्मा बढई | ३ | ९८६७१७८४७२ |
| २८ | का.पा. सदस्य | रामप्यारे चमार | २ | ९८१४४४५४५७ |

## गाउँपालिकामा गठन भएका विभिन्न समितिहरू

**राजश्व परामर्श समिति**

संयोजक : श्री गीता चौधरी
सदस्य : श्री बुद्ध प्रकाश पौडेल
सदस्य : श्री हरिलाल दुसाध
सदस्य : श्री मुना पुन
सदस्य सचिव : श्री रामु रेग्मी (आ.ले.प. शाखा)

**स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

संयोजक : श्री टेकनारायण उपाध्याय